# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २० ] काठमाडौं, भाद्र १० गते २०२७ साल [ अतिरिक्ताङ्क १८ (क)


श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२७ सालको ऐन नं. २

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर-विजयिनाम् ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:–** आर्थिक बर्ष २०२७।२८ को निमित्त श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्ताव-हरूलाई कार्यान्वित गर्न श्री ५ को सरकारले राष्ट्र ऋण उठाउन सक्ने अधिकारको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र बीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यस ऐनको नाम "राष्ट्र ऋण उठाउने ऐन, २०२७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. राष्ट्र ऋण उठाउने अधिकार:– आर्थिक बर्ष २०२७।२८ को निमित्त श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वित गर्न श्री ५ को सरकारले २५,००,००,०००।– पच्चीसकरोड रुपैयाँमा नबढ्ने गरी जम्मा त्यतिसम्म रकमको राष्ट्र ऋण उठाउन सक्नेछ।

(२) उप-दफा (१) अन्तर्गत उठाइएको राष्ट्र ऋणको साँवा-ब्याज भुक्तानी गर्ने अवधि र सो ऋणको ब्याजको दर ऋण तथा जमानत ऐन, २०२५ बमोजिम हुनेछ।

लालमोहर सदर मिति– २०२७।५।१०।४

आज्ञाले–
रमानन्दप्रसाद सिंह
श्री ५ को सरकारको सचिव।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
932